लुम्बिनी प्रदेश सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका (देउखुरी), दाङ, नेपाल

प.सं :- २०७८/७९

च.नं :-

मिति : २०७९।०९।२५

**विषय : विद्यालयहरुले विपत् व्यवस्थापनका लागि अनुदान प्राप्त गर्न प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना ।**

प्रस्तुत सम्वन्धमा यस निर्देशनालयको चालु आ.व. २०७८/७९ को वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत यस प्रदेश भित्र सञ्चालित सामुदायिक विद्यालयहरुलाई विपत् व्यवस्थापनका लागि अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले विपतवाट भौतिक पूर्वाधार क्षति भई पठनपाठनमा अवरोध सिर्जना भएको भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपशीलको कागजात सहित सम्वन्धित **सामाजिक विकास डिभिजन कार्यालय**हरुमा प्रस्ताव पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि सूचना प्रकाशित गरिएको छ । म्याद नाघि आएका प्रस्ताव उपर कुनै कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

यम बहादुर के.सी.

नि. निर्देशक

**नि. निर्देशक**

**संलग्न गर्नुपर्ने कागजातहरु**

१. उल्लेखित विपत् व्यवस्थापनका लागि कुनै सरकारी निकायबाट हालसम्म कुनै अनुदान प्राप्त नगरेको सम्वन्धी विद्यालय व्यवस्थापन समितिको निणर्यसहित विद्यालयको पत्र ।

२. सम्वन्धित शिक्षा विकास तथा समन्वय इकाइको सिफारिस

३. सम्वन्धित क्षेत्रको प्रहरीको रोहवरमा तयार पारिएको मुचुल्का (अनुमानित क्षतिको रकम सहित)

४. सम्वन्धित स्थानीय तहको विपत् व्यवस्थापन समितिको निर्णयसहित स्थानीय तहको सिफारिस

५. जिल्ला विपत् व्यवस्थापन समितिको निर्णयको प्रमाणित प्रतिलिपि वा जिल्ला प्रशासन कार्यालयको सिफारिस

६. प्राविधिकले तयार गरेको लागत अनुमान

७. क्षतिको अवस्था झल्किने प्रष्ट रङ्गिन फोटोहरु

८. गत आ.व. को सामाजिक परीक्षण तथा तथा लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि

९. प्राविधिक निर्माण कार्यमा सहजीकरण गर्ने स्थानीय तहको प्रतिवद्धता

***पुनश्च: यस आ.व.मा विपत् व्यवस्थापनका लागि यस कार्यालयमा कागजात पेश गरिसकेका विद्यालयहरुले अपुग कागजात बाहेक पुन कागजात पेश गर्नुपर्ने छैन ।***

**बोधार्थ**

**श्री शिक्षा, विज्ञान, युवा तथा खेलकुद मन्त्रालय, लुम्बिनी प्रदेश, राप्ती उपत्यका (देउखुरी), दाङ** उल्लेखित सूचना त्यहाँको वेब साइटमा समेत प्रकाशन गरिदिनु अनुरोध छ ।

**श्री सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देही/कपिलवस्तु/पाल्पा/प्युठान/दाङ/बाँके** : उल्लेखित सूचना तहाँको वेब साइटमा समेत प्रकाशन गर्नुका साथै बिधिबत रुपमा प्राप्त हुन आएका प्रस्ताव दर्ता गरि राख्नु हुन ।